# रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको
## नवौं बार्षिक साधारण सभामा भएको छलफल तथा निर्णयको विवरण
## (माइन्यूट)

मिति २०८२/०९/२९ गतेका दिन यस **"रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड"** को नवौं बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री उदय नेपाली श्रेष्ठज्यूको सभापतित्वमा वसी देहायका बिषयहरुमा छलफल भई देहाय वमोजिमका प्रस्तावहरु पारित गरियो ।

**सभाको मिति, समय र स्थान :-**

मिति :- २०८२/०९/२९ गते मंगलवार (१३ जनवरी, २०२६)

स्थान :- एलिस रिसेप्सन्, गैह्रीधारा, काठमाडौं

समय :- बिहानको ११:०० बजे

**सभाको सूचना प्रकाशन :-**

यस कम्पनीको मिति २०८२/०९/०६ मा बसेको संचालक समितिको १६६औं बैठकको निर्णय वमोजिम कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ अनुसार साधारण सभा बस्ने मिति, समय, स्थान र छलफल हुने विषयहरु उल्लेख गरी मिति २०८२/०९/०७ गतेको आर्थिक अभियान र मिति २०८२/०९/२० गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा बार्षिक साधारण सभा सम्बन्धी सूचना प्रकाशित गरिएको, त्यसै गरी SMS मार्फत पनि २०८२।०९।२१ गते शेयरधनीहरुलाई जानकारी पठाइएको र साधारण सभा सम्बन्धी सूचना तथा कम्पनीको वित्तीय विवरणहरु सहितको नवौं वार्षिक प्रतिवेदन कम्पनीको वेभ साईट www.reliablelife.com.np मा समेत राखिएको थियो । सभामा उपस्थितिको लागि नियमनकारी नियकायहरुः श्री नेपाल बीमा प्राधिकरण, श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र वोर्ड, श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एशोसिएट्स र कानूनी सल्लाहकार बरिष्ठ अधिवक्ता श्री सुरेन्द्र वहादुर थापालाई पत्र मार्फत आमन्त्रण गरिएको थियो ।

**सभाका छलफलका विषयहरुः**

(१) सामान्य प्रस्तावहरु :-

(क) संचालक समितिको नवौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको Statement of Financial Position, Statement of Cash Flow, Statement of Change in Equity, २०८१ श्रावण १ गतेवाट २०८२ आषाढ मसान्तसम्मको Nepal Financial Reporting Standard

(NFRS) अनुसारको Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Statement of Distributable Profit or Loss तथा संलग्न अनुसूचीहरु उपर छलफल गरी पारीत गर्ने ।

(ग) यस कम्पनीको सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको आ.व. २०८१/०८२ को वित्तीय विवरणहरु सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

घ) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लागि लेखापरीक्षण समितिवाट सिफारीस गरिएका लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियूक्तिको लागि योग्य हुनुहुन्छ) ।

(ङ) संचालकको नियूक्ती अनुमोदन गर्ने ।

(च) कम्पनीको आ.व. २०८१/८२ सम्मको वितरण योग्य मुनाफावाट वार्षिक साधारण सभाको लागि शेयरधनीहरुको दर्ता किताव बन्द हुँदा कायम रहने शेयरधनीहरुलाई रु.६२,३६,३९,३८५।६० (अक्षेरेपी वैसठ्ठी करोड छत्तीस लाख उनन्चालीस हजार तीन सय पचासी रुपैया साठी पैसा) मात्र नगद लाभांश प्रस्ताव स्वीकृत गर्ने ।

(२) विविध :-

**उपस्थिति :-**

**सञ्चालकहरु :**

| | | | |
|---|---|---|---|
| १. | श्री उदय नेपाली श्रेष्ठ | - | अध्यक्ष |
| २. | श्री अन्जु पाण्डे | - | सञ्चालक |
| ३. | श्री इन्द्र प्रसाद शर्मा | - | सञ्चालक |
| ४. | श्री शरद चन्द्र पौडेल | - | सञ्चालक |
| ५. | प्रा. डा.श्री प्रकाश भट्टराई | - | सञ्चालक |
| ६. | श्री दिवेश लोहनी | - | सञ्चालक |
| ७. | श्री सागर कुमार घिमिरे | - | सञ्चालक |

**पदाधिकारीहरु तथा आमन्त्रितहरु :**

| | |
|---|---|
| १. श्री नारायण वावु लोहनी | प्रमुख कार्यकारी अधिकृत |
| २. वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र वहादुर थापा | कानूनी सल्लाहकार |

३. श्री दिपेश वावु तिवारी — नायव प्रमुख कार्यकारी अधिकृत

४. श्री माधव राज शर्मा पोखेल — कम्पनी सचिव

५. श्री शैलेन्द्र श्रेष्ठ — सहायक महाप्रवन्धक

६. श्री युवराज शर्मा — मुख्य प्रवन्धक

७. श्री कल्याण राज हल्वाई — मुख्य प्रवन्धक

८. श्री प्रकाश कुमार धिताल — का.मु. मुख्य प्रवन्धक

**शेयरधनीहरुको उपस्थिति**

| उपस्थितिको विवरण | उपस्थित संख्या | शेयरको प्रतिनिधित्व |
|---|---|---|
| स्वयं उपस्थित | ६८० | ८९,८९,५१८ |
| प्रतिनिधि मार्फत उपस्थित | १४८ | १,७९,५२,६४३ |
| जम्मा | ८२८ | २,६९,४२,१६१ |

**सभाको गणपुरक संख्या**

| उपस्थित शेयरधनीको संख्या | जम्मा शेयर संख्या | स्वयं उपस्थित भै प्रतिनिधित्व भएको शेयर (क) | प्रतिनिधि मार्फत उपस्थित भै प्रतिनिधित्व भएको शेयर (ख) | जम्मा उपस्थित (क) + (ख) | जम्मा शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| ८२८ | ५,१९,६८,००० | ८९,८९,५१८ | १,७९,५२,६४३ | २,६९,४२,१६१ | ५१.८४ |

**सभाको वैधानिकता :-**

प्रस्तुत नवौं वार्षिक साधारण सभा गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम सभा वस्ने मिति, समय, स्थान र छलफलका विषयहरु उल्लेख गरी शेयरधनीहरुलाई सूचना दिइएको र साधारण सभाको माथि उल्लेखित हाजिरी रेकर्ड अनुसार यस कम्पनीको कुल शेयर संख्या ५,१९,६८,००० को ५१.८४ प्रतिशत शेयरको प्रतिनिधित्व हुनेगरी जम्मा ८२८ जना शेयरधनीहरु साधारण सभामा (स्वयं एवं प्रतिनिधि मार्फत) उपस्थित हुनु भएकाले कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) र यस

Reliable Nepal Life Insurance Ltd. Kathmandu

कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा बस्नको लागि गणपुरक संख्या पुगेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ तथा प्रचलित ऐन, नियम, कानून बमोजिम सभा वैधानिक रहेको व्यहोरा सभा समक्ष कम्पनी सचिवले जानकारी गराए पश्चात नवौं वार्षिक साधारण सभाको कार्यक्रम सुरु भयो ।

**सभाको सभापतित्व:** सभाको वैधानिकता पुरा भए पश्चात कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियामावलीको नियम १९ अनुसार यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री उदय नेपाली श्रेष्ठज्यूलाई नवौं वार्षिक साधारण सभाको सभापतित्व गरीदिनुहुन सभा सञ्चालक कम्पनी सचिवले आग्रह गर्नु भए पश्चात कम्पनीका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो ।

**सभाको उद्घाटन तथा सञ्चालन:** सञ्चालक समितिका अध्यक्षज्यूले कम्पनीको नवौं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरेपश्चात कार्य तालिका अनुसार सभा सञ्चालकको अनुरोधमा सभाको सभापतित्व गर्नु भएका अध्यक्षज्यूले नौ ओटा गमलामा रहेको विरुवाहरुमा पानी राखी सभाको उद्घाटन गर्नु भयो ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री नारायण वावु लोहनीले सभामा उपस्थित महानुभावहरुलाई स्वागत मन्तव्यसहित हालसम्मको कम्पनीको उपलब्धी, चुनौति तथा भावी कार्यक्रमहरु वारे सभा समक्ष जानकारी गराउनु भयो ।

**सञ्चालक समितिको नवौं वार्षिक प्रतिवेदन प्रस्तुती :** सभाको काम कारवाहीलाई अगाडी वढाउने क्रममा सभाका सभापतिज्यूले आफ्नो मन्तव्यसहित सञ्चालक समितिको नवौं वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

सभाका सभापतिज्यूले सञ्चालक समितिको नवौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको यस कम्पनी तथा सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लि. सहितको एकिकृत २०८२ आषाढ मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण तथा अनुसूचीहरु लगायतका अन्य वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो ।

**छलफलमा सहभागी शेयरधनीहरु:**

छलफलमा सहभागी हुन चाहनु हुने शेयधनी महानुभावहरु र वहाँहरुका जिज्ञासा तथा सुझावहरु राख्न आग्रह भए बमोजिम देहाय वमोजिमका शेयरधनीहरुले खासगरी निम्न वमोजिमका जिज्ञासा तथा सुझावहरु मौखिक एवं लिखित रुपमा सभा समक्ष राख्नु भयो ।

Reliable Nepal Life Insurance Ltd. Kathmandu

(१) **श्री गुणराज भट्ट** : कम्पनीले १२ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेकोमा धेरै धेरै धन्यवाद । साधारण सभामा पेश भएका प्रस्तावहरुमा मेरो पूर्ण समर्थन छ । कम्पनीमा संस्थागत सुशासन अति राम्रो छ । जीवन बीमा गर्ने बीमितहरुलाई कम्तीमा एक लाख रुपैयाँ कर छुटको व्यवस्था गर्न बीमा प्राधिकरण मार्फत अर्थ मन्त्रालयमा अनुरोध गर्न अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृतज्यूलाई सादर अनुरोध गर्दछु । बीमितहरुले बिचैमा जीवन बीमाको रकम नतिरी बीमा समर्पण गर्ने परिपाटी बढ्दै गएको छ, यस्ता कार्य निरुत्साहित गर्न विशेष पहल गर्न आवश्यक छ ।

(२) **श्री बैजू नाथ रौनियारः** कम्पनीले आ.व.२०८१/०८२ मा चुक्ता पूँजीको १२ प्रतिशत नगद लाभांश दिएकोमा हामी शेयरधनी धेरैनै खुशी छौं । पेश भएको सम्पूर्ण एजेण्डामा मेरो पूर्ण समर्थन छ । कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

(३) **श्री निरुपमा गुप्ताः** साधारण सभाको सबै प्रस्तावहरुमा समर्थन रहेको छ । CSR को केही रकम निर्धन र अशक्तलाई शिक्षामा लगानी गर्न आग्रह गर्दछु । समय सापेक्ष खर्च बढ्नु स्वभाविक हो । खर्चमा मितव्ययिता अपनाएर अघि बढ्न अनुरोध छ ।

(४) **युगल वसेल** : सर्वप्रथम १२% नगद लाभांश वितरण गर्ने प्रस्तावको लागि धन्यवाद । खुद नाफा ३८.७ करोड बाट ६२.२२ करोड पुगेको राम्रो हो । सल्भेन्सी मार्जिन ३६१% वाट २५४% मा किन झ-यो ?, बीमालेख संख्या गत वर्ष भन्दा ६८ हजारले किन घट्यो ?, यो त बढ्नु पर्ने हो । Retain Earning ६९.४ करोडबाट ८९.२० करोड पुगेको राम्रो हो । आगामी वर्ष २०% नगद लाभांश दिने गरी अघि बढ्न अनुरोध छ ।

(५) **लक्ष्मण बहादुर श्रेष्ठः** कम्पनीले वार्षिक साधारण सभा समयमै गर्नु भएकोमा सञ्चालक र व्यवस्थापनलाई धन्यवाद । आगामी वार्षिक साधारण सभा प्रथम त्रैमास भित्र गर्न आग्रह गर्दछु । कम्पनीले आ.व.२०८१/०८२ मा शेयरधनीहरुलाई १२ प्रतिशत नगद लाभांश दिनु भएकोमा धन्यवाद । आगामी आर्थिक वर्षमा लाभांश नघटाई बोनस र नगद लाभांशको अनुपात ५०/५० गर्न अनुरोध छ । कम्पनीको आर्थिक प्रतिवेदन अध्ययन गर्दा खर्च धेरै देखिएकोले मितव्ययीता अपनाउन आग्रह गर्दछु । आजको दिन सम्म कम्पनीलाई यहाँ सम्म ल्याउन काम गर्ने कर्मचारी प्रति आभार प्रकट गर्दै साधारण सभामा पेश भएका सबै एजेण्डामा मेरो पूर्ण समर्थन रहेको छ ।

(६) **Prof. Dr Ramjee Prasad Pandit :** I would like to thank to the Insurance Company for giving 12% cash dividend to its shareholders in this fiscal year. I have full support to all agendas presented for approval in this AGM of the company.

Please don not emphasize in bonus share and distribute cash dividend only in coming years. This must continue unless the regulatory body enforce the company

Reliable Nepal Life Insurance Ltd. Kathmandu

to increase its capital. We should not be confused that bonus share will make company strong and raise the share price of the company in secondary market.

Do not hurry to expand branches. The company should not be very ambitious to open new branches. Opening many branches is not solution to strengthen the company.

In recent years, insurance regulatory authority has initiated to go to merger in order to decrease number of insurance company and to make strong financial condition of merged insurance company. In, Nepal, its effect is seen negative. Merger is not a solution to strengthen the company. Please drop the idea of new merger and acquisition in future too. When you have good governance, the regulatory authority cannot force you to go merger.

**तत् पश्चात शेयरधनीहरुले राख्नु भएका लिखित एवं मौखिक जिज्ञासाहरुका सम्वन्धमा सभाध्यक्ष तथा वहाँको अनुमतिले प्रमुख कार्यकारी अधिकृतज्यूले देहाय वमोजिम जवाफ दिनुभयो ।**

- शेयरधनीज्यूहरुबाट आएंका शुभकामना एवं सुझावको लागि हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछौं ।
- कम्पनीमा Good Governance कायम राख्ने सम्वन्धमा कम्पनीको सञ्चालक समिति एवं व्यवस्थापन सदैव सजग रहेको छ ।
- आगामी वर्षमा कम्पनीको व्यवसायमा अझै वृद्धी गरी शेयरधनीहरुलाई अझै बढी प्रतिफल दिन सञ्चालक समिति तथा व्यवस्थापन र सम्पूर्ण कर्मचारीहरु अनवरत रुपमा लागि पर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको खर्च उपयुक्त ठाउँमा गरिएको र आगामी दिनमा समेत उक्त खर्च कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धी नीति वमोजिम गरिने प्रतिवद्धता व्यक्त गर्दछौ ।
- शेयरधनीहरुले दिनु भएको सुझाव बमोजिम खर्चमा मितव्ययिता अपनाई खर्च कम गर्न पहल गरिनेछ ।
- आगामी दिनमा प्रतिफल दिँदा वोनस शेयर र नगद आधा आधा गरेर दिनु पर्ने भन्ने शेयरधनीहरुको सुझाव सम्वन्धमा नियामक निकायको स्वीकृति लिई प्रतिफल बाँड्ने समयको परिस्थितिलाई हेरी उपयुक्त निर्णय गरिने छ ।
- कम्पनीका शेयरधनी लगायत सम्पूर्ण सरोकारवालाहरुको सल्लाह, सुझाव, सहयोग र विश्वासको कारणवाट कम्पनी यो स्थानमा पुगेको र कम्पनीले आगामी दिनहरुमा समेत यहाँहरुको सल्लाह, सुझाव र सहयोगलाई आत्मसाथ गर्दै कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

Reliable Nepal Life Insurance Ltd. Kathmandu

**सभाको निर्णयहरु :**

शेयरधनीहरुको जिज्ञासाहरुको जवाफ पश्चात सभा समक्ष देहाय वमोजिम निर्धारित प्रस्तावहरु निर्णयार्थ पेश गरिएकोमा सभाबाट निम्नानुसार निर्णयहरु गरियो ।

**(१) सामान्य प्रस्तावहरु :-**

**(क) संचालक समितिको नवौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।**

अध्यक्षज्यूको मन्तव्यसहित सञ्चालक समितिको नवौं वार्षिक प्रतिवेदन २०८१/८२ पारित गरियोस् भनी सभापतिज्यूवाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुवाट कम्पनीको सञ्चालक समितिको नवौं वार्षिक प्रतिवेदन सर्वसम्मतीवाट पारित गरियो ।

**(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको Statement of Financial Position, Statement of Cash Flow, Statement of Change in Equity, २०८१ श्रावण १ गतेवाट २०८२ आषाढ मसान्तसम्मको Nepal Financial Reporting Standard (NFRS) अनुसारको Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Statement of Distributable Profit or Loss तथा संलग्न अनुसूचीहरु उपर छलफल गरी पारीत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको Statement of Financial Position, Statement of Cash Flow, Statement of Change in Equity,२०८१ श्रावण १ गतेवाट २०८२ आषाढ मसान्त सम्मको Nepal Financial Reporting Standard (NFRS) अनुसारको Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Statement of Distributable Profit or Loss तथा संलग्न अनुसूचीहरु (NFRS अनुसारको वित्तीय विवरणहरु समेत) पारित गरियोस भनी सभापतिज्यूवाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुवाट सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतीवाट पारित गरियो ।

**(ग) यस कम्पनीको सहायक कम्पनी रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको आ.व. २०८१/०८२ को वित्तीय विवरणहरु सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

यस कम्पनीको सहायक कम्पनी रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको आ.व.२०८१/०८२ को वित्तीय विवरणहरु सहितको एकिकृत वित्तीय विवरणहरु पारित गरियोस भनी सभापतिज्यूवाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुवाट उक्त प्रस्ताब गरिए बमोजिमको एकिकृत वित्तीय विवरणहरु सर्वसम्मतीवाट पारित गरियो ।

**घ) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लागि लेखापरीक्षण समितिवाट सिफारीस गरिएका लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने**

Reliable Nepal Life Insurance Ltd. Kathmandu

**(हालका लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियूक्तिको लागि योग्य हुनुहुन्छ) ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल गर्दा यस कम्पनीको लेखापरीक्षण समितिको मिति २०८२/०८/२९ गतेको बैठकबाट यस कम्पनीको आ.व.२०८२/८३ को लेखापरीक्षकमा पून: नियुक्तिको लागि सिफारिस गरिएका हालका लेखापरीक्षक **श्री सुजन काफ्ले एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स लाई** देहाय बमोजिमका कार्यहरु गर्ने गरी बार्षिक पारिश्रमिक मूल्य अभिवृद्धी कर बाहेक रु.७,५०,०००/- (अक्षरेपी सात लाख पचास हजार मात्र) प्रदान गर्ने गरी यस कम्पनीको आ.व. २०८२/८३ को लेखापरीक्षकमा नियुक्ति गर्ने निर्णय सभाभाट सर्वसम्मत रुपमा पारीत गरियो ।

<u>लेखापरीक्षकले सम्पन्न गर्नु पर्ने कार्यहरु:</u>

(१) सहायक कम्पनी सहितको एकिकृत वित्तीय विवरण सहित आ.व. २०८२/०८३ को लेखापरीक्षण तथा वित्तीय विवरणहरु प्रमाणित,
(२) लङ्ग फर्म अडिट रिपोर्ट,
(३) कर लेखापरीक्षण,
(४) कम्पनी ऐन, २०६३ को दफा ७८ को विवरण प्रमाणित ।

**(ङ) संचालकको नियूक्ती अनुमोदन गर्ने ।**

यस कम्पनीको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नु हुने सञ्चालक डा. श्री भिष्म कार्कीज्यूले दिनु भएको राजिनामा स्वीकृत भई सर्वसाधारण समूह तर्फबाट सञ्चालक पद एक रिक्त भएकोमा यस कम्पनीको सञ्चालक समितिको मिति २०८२/०९/०६ गते बसेको बैठकबाट यस नवौ वार्षिक साधारण सभावाट अनुमोदन गर्ने गरी मिति २०८२/०९/०६ गतेबाट लागू हुनेगरी सर्वसाधारण शेयरधनी श्री सागर कुमार घिमिरेलाई यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुको समूह तर्फबाट सञ्चालक पदमा नियुक्त गरिएकोमा उक्त नियुक्ति सभावाट सर्वसम्मत रुपमा अनुमोदन गरियो ।

**(च) कम्पनीको आ.व. २०८१/८२ सम्मको वितरण योग्य मुनाफाबाट वार्षिक साधारण सभाको लागि शेयरधनीहरुको दर्ता किताव बन्द हुँदा कायम रहने शेयरधनीहरुलाई रु.६२,३६,३९,३८५।६० (अक्षेरेपि बैसट्ठी करोड छत्तीस लाख उनान्चालीस हजार तीन सय पचासी रुपैया साठी पैसा) मात्र नगद लाभांश प्रस्ताव स्वीकृत गर्ने ।**

कम्पनीको आ.व. २०८१/८२ सम्मको वितरण योग्य मुनाफाबाट वार्षिक साधारण सभाको लागि शेयरधनीहरुको दर्ता किताव बन्द हुँदा कायम रहने शेयरधनीहरुलाई

रु.६२,३६,३९,३८५।६० (अक्षेरेपि वैसठ्ठी करोड छत्तीस लाख उनान्चालीस हजार तीन सय पचासी रुपैया साठी पैसा) नगद लाभांश वितरण गर्न स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मति बाट उक्त प्रस्ताव पारित ग-यो ।

विविध सम्वन्धमा सभामा छलफल गर्नु पर्ने अन्य विषयहरु नभएको व्यहोरा सभाको सभापतित्व गर्नु हुने सञ्चालक समितिका अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

## धन्यवाद ज्ञापन तथा सभाको विसर्जन

अन्त्यमा, सभाको अध्यक्षता गर्नु भएका सञ्चालक समितिका अध्यक्ष श्री उदय नेपाली श्रेष्ठज्यूले कम्पनीको श्रीवृद्धिमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु,सञ्चालकज्यूहरु शेयरधनीज्यूहरु, अभिकर्ताहरु, पत्रकारमित्रहरु, कर्मचारी वर्ग, अन्य शुभेच्छुक तथा यस सभालाई स्थान उपलब्ध गराई सभालाई सफल बनाउन सहयोग गरी दिनु हुने एलिस रिसेप्सन् लगायत सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै सभा दिनको १२.३० वजे समापन भएको घोषणा गर्नु भयो ।

.................................
माधव राज शर्मा पोखेल
कम्पनी सचिव

Reliable Nepal Life Insurance Ltd. Kathmandu

.................................
उदय नेपाली श्रेष्ठ
अध्यक्ष
संचालक समिति